बैठक संख्या :- १०२
मिति :- ०७८।०६।०४ गते सोमबार
समय :- विहान ८ : ०० बजे

कमलामाई नगरपालिका नगर प्रमुख श्री खड्ग बहादुर खत्रीज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा कार्यपालिकाको बैठक बस्यो ।

## उपस्थिति

| | |
|---|---|
| श्री खड्ग बहादुर खत्री | नगर प्रमुख |
| श्री मन्जु देवकोटा | उप प्रमुख |
| श्री महेश खतिवडा | वडाअध्यक्ष -१ |
| श्री नवराज थिङ | वडाअध्यक्ष -२ |
| श्री खड्ग प्रसाद चौलागाई | वडाअध्यक्ष -३ |
| श्री महेन्द्र प्रसाद ढकाल | वडाअध्यक्ष -४ |
| श्री पूर्ण बहादुर खड्का | वडाअध्यक्ष -५ |
| श्री उज्ज्वल कुमार थापा | वडाअध्यक्ष -६ |
| श्री कर्ण बहादुर घिसिङ | वडाअध्यक्ष -७ |
| श्री टिका बहादुर मुक्तान | वडाअध्यक्ष -८ |
| श्री देवराज पौडेल | वडाअध्यक्ष -९ |
| श्री रामहरी ढुङ्गेल | वडाअध्यक्ष -१० |
| श्री राम बहादुर थिङ | वडाअध्यक्ष -११ |
| श्री ललित बहादुर आले | वडाअध्यक्ष -१२ |
| श्री किरण माझी | वडाअध्यक्ष -१३ |
| श्री जितलाल अधिकारी दनुवार | वडाअध्यक्ष -१४ |
| श्री शिव कुमारी रायमाझी | कार्यपालिका सदस्य |
| श्री कान्ता ढकाल | कार्यपालिका सदस्य |
| श्री रुद्र कुमारी कार्की | कार्यपालिका सदस्य |
| श्री पदम कुमारी बस्नेत | कार्यपालिका सदस्य |
| श्री सुनिता सार्की | कार्यपालिका सदस्य |
| श्री केशर बहादुर नेपाली | कार्यपालिका सदस्य |
| श्री झौला अधिकारी दनुवार | कार्यपालिका सदस्य |
| श्री नरेश विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री विशकसेन ढकाल | सचिव (प्र.प्र.अ) |

**निर्णय नं. १ : -** कमलामाई नगरपालिका वडा नं. ६ वसपार्क भित्र निर्माण भएको सटर सहितको सार्वजनिक शौचालय ठेक्का सम्झौता भए अनुसार प्रति व्यक्ति पिसाव फेरे वापत रु.पाच रुपैया र दिशा गरे वापत प्रति व्यक्ति रु. दश रुपैया रकम उठाउन को लागि निर्णय गरियो ।

**निर्णय नं. २ : -** कमलामाई नगरपालिका क्षेत्र भित्र बाट निकासी हुने ढुङ्गा, गिट्टी र वालुवाको निकासी कर तपशील बमोजिमको दररेटमा सम्बन्धित वडा सचिवलाई र नगर प्रहरीलाई राजश्व उपशाखाबाट नगदी रसिद उपलब्ध गराई ठेक्का नलाग्दा सम्म निकासी कर उठाउन र नगर वाहिरबाट आउने ढुङ्गा, गिट्टी, वालुवाको हकमा सम्बन्धित स्थानीय तहले कर लिएको भए यस नगरपालिकाले कर नलिने र सम्बन्धित स्थानीय तहले कर नलिएको भएमा यस नगरपालिकाले निर्धारण गरे बमोजिमको दररेट बमोजिम निकासी कर लिने र उठेको रकमको १५% ले हुने रकम सम्बन्धित वडा तथा नगरप्रहरीलाई प्रोत्साहन स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

| सि.नं. | विवरण | दर | मु.अ.कर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १. | ट्याक्टर प्रतिटिप | ४७७- | ६३।- | ५४०।- | |
| २. | टिप्पर ६ चक्के प्रतिटिप | १९४७- | २५३।- | २२००।- | |
| ३. | टिप्पर १० " " | ३८०५।- | ४९५।- | ४३००।- | |
| ४. | टिप्पर १२ " " | ४४२५।- | ५७५।- | ५०००।- | |
| ५. | मिनिट्रक प्रतिटिप | ९७३।- | १२७ ।- | ११०० ।- | |

**निर्णय नं. ३ : -** कमलामाई नगरपालिका करारमा नगर प्रहरी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि ,२०७८ स्वीकृत गर्ने र प्रहरी जवान खुल्ला तर्फ ५ जना र महिला तर्फ २ जना विज्ञापन प्रकाशन गर्ने निर्णय गरियो ।